# आर्थिक बर्ष २०७८/०७९ को

# बार्षिक प्रगति प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण




नेपाल सरकार

## गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, गुल्मी

# बार्षिक प्रगति प्रतिवेदन तयारीमा संलग्न

## पदाधिकारीहरु

## सल्लाहकार



श्री पुण्यविक्रम पौडेल
प्रमुख जिल्ला अधिकारी

## सम्पादन मण्डल



श्री हरि प्रसाद गैरे
सहायक जिल्ला प्रमुख अधिकारी



श्री नरेश गिरी
प्रशासकीय अधिकृत



श्री प्रेमराज खनाल
नायब सुब्बा



श्री कमला पन्थी
खरिदार

सर्वाधिकार - जिल्ला प्रशासन कार्यालय गुल्मी

फोन नं. ०७९-५२०१३३, **Mobile No.** ९८५७०१७७७७ **(C.D.O.)**
(०७९-५२०८३३, **Mobile No.** ९८५७०७९०११ **(A.C.D.O.),**
फ्याक्स नं. ०७९-५२०२४२, टोल-फ्री नं. १६१८०७९५२०८३३
ईमेलः **daogulmi2046@gmail.com,** वेबसाइटः**http://daogulmi.moha.gov.np**
फेशबुक पेज- **facebook.com/DAOGULMI/**

# बार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख छ । राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पर्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सु- सूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन सूचनाको हक सम्बन्धि ऐन ,२०६४ र नियमावली २०६५ जारी भएको छ । सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिको विवरण ३/३ महिनामा र बार्षिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ ।

यसै कानूनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधि का रुपमा रहेको जिल्ला प्रशासन कार्यालयले गरेका काम कारवाहीको जानकारी आम नागरिकमा होस् भन्ने अभिप्रा यका साथ यस कार्यालयबाट आ.व. २०७८/७९ मा सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

पुण्य बिक्रम पौडेल
प्रमुख जिल्ला अधिकारी

पुण्यविक्रम पौडेल
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, गुल्मी

| सि.नं. | विषयशीर्षक | पेज नं. |
|---|---|---|
| १. | गुल्मी जिल्लाको संक्षिप्त परिचय | १ |
| २. | गुल्मी जिल्लाको नक्सा | २ |
| ३. | गुल्मी जिल्लाका स्थानीय तहहरु | २ |
| ४. | गुल्मी जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु | ३ |
| ५. | जिल्ला प्रशासन कार्यालय गुल्मीको पृष्ठभूमी | ३ |
| ६. | हालसम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण | ४-५ |
| ७. | स्वीकृत कर्मचारी दरबन्दी विवरण | ५ |
| ८. | हाल कार्यरत कर्मचारीहरुको विवरण | ५-६ |
| ९. | जिल्ला प्रशासन कार्यालय गुल्मीले गर्ने मुख्य मुख्य कार्यहरु | ६-८ |
| १०. | जिल्ला प्रशासन कार्यालय गुल्मीको काम, कर्तव्य र अधिकार | ८-९ |
| ११. | आ.व. २०७७/७८ मा सम्पादित मुख्य मुख्य कार्यहरु | १०-१४ |
| १२. | जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु | १४- |
| १२.१. | जिल्ला सुरक्षा समितिको बैठक | १४ |
| १२.२. | स्थानीय तहमा अपराध न्यूनिकरण सम्बन्धी कार्यक्रम | १४ |
| १२.३. | चाडपर्व लक्षित सुरक्षा योजना | १४-१५ |
| १२.४. | कार्ययोजना निर्माण | १५ |
| १२.५. | सामुदायिक साझेदारी कार्यक्रम | १५ |
| १२.६. | अन्तरजिल्ला समन्वय वैठक | १५ |
| १२.७. | सुरक्षा निकाय तथा मातहतका ईकाईहरुको अनुगमन | १५-१६ |
| १२.८. | उजुरी तथा गुनासो सम्बोधन | १६ |
| १३. | सुशासन प्रर्वद्धनका लागि गरिएका कार्यहरु | १७-३३ |
| १३.१. | कार्यालयको आन्तरिक व्यवस्थापन | १७-३० |
| १३.२. | कार्यालय प्रमुखहरुको बैठक | ३० |
| १३.३ | सुचना अधिकारीहरुको बैठक | ३० |
| १३.४ | जिल्ला स्थित सरकारी कार्यालयहरुको अनुगमन | ३०-३१ |
| १३.५ | स्थानीय तहका प्रमुख एंव प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक | ३१ |
| १३.६. | सार्वजनिक सेवामा प्रभावकारीता ल्याउन स्थानीय तहसँग अन्तरकृया | ३१ |
| १३.७. | कर्मचारीको नियमित बैठक | ३२ |
| १३.८. | सिडिओ सँग नागरिक सम्बाद कार्यक्रम | ३२ |
| १३.९. | राष्ट्रिय परिचयपत्र सम्बन्धि कार्य | ३२-३३ |
| १३.१०. | विकास आयोजनाको अनुगमन | ३३ |
| १४. | राजश्व प्राप्ति, आम्दानी र खर्चको विवरण | ३४ |
| १५. | विपद् व्यवस्थापन | ३४-३५ |

## गुल्मी जिल्लाको संक्षिप्त परिचय

लुम्बिनी प्रदेशको उत्तरी भेगमा गुल्मी जिल्ला रहेको छ । यो जिल्ला रेसुङ्गा, रुरु, रिडि जस्ता पवित्र र ऐतिहासिक स्थानहरु रहेको पहाडी जिल्ला हो । संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउंलाई गुल्म भनिने र सामरिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहेकोले यसलाई गुल्मी भनी नामाकरण गरिएको हो भन्ने भनाइ र हेको छ । पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्यूठान, उत्तरमा बागलुङ र दक्षिणमा पाल्पा तथा अर्घाखाँचीको सीमाभित्र रहेको यो जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि. मि. रहेको छ। राज्य पुनर्संरचनाका सन्दर्भमा २ वटा नगरपालिका (रेसुङ्गा र मुसिकोट) तथा १० वटा गाउँपालिका (कालिगण्डकी, सत्यवती, चन्द्रकोट, रुरुक्षेत्र, छत्रकोट, गुल्मीदरबार, इश्मा, धुर्कोट, मदाने र मालिका) सहित १२ स्थानीय तह कायम भएका छन् भने प्रतिनिधि सभामा निर्वाचन क्षेत्र २ वटा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र ४ वटा रहेका छन ।

जिल्लाको जनसंख्या २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार २,८०,१६० (पुरुष १,२०,९९५ र महिला १,५९,१६५) रहेको छ । जसअनुसार ४३.१८ प्रतिशत पुरुष तथा ५६.८२ प्रतिशत महिला रहेका छन् । यहाँका प्रमुख जातीहरुमा ब्राह्मण, क्षेत्री, मगर, नेवार आदि पर्दछन् । यिनीहरुले मुख्य भाषाको रुपमा नेपाली भाषा बोल्दछन् भने केही जातिहरुले आफ्नो मातृभाषा पनि बोल्ने गरेको पाइन्छ । यहाँका मानिसहरु मूख्यतः खेतीपाती, नोकरी, व्यापार तथा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । जिल्लाको जातीय तथा जनसङ्ख्यासम्बन्धी विवरण निम्नअनुसार रहेको छ (जनगणना २०६८ अनुसार प्रतिशतमा) ।

| | | | |
|---|---|---|---|
| कुल जनसंख्या - | २,८०,१६० (पुरुष १,२०,९९५ महिला १,५९,१६५) | | |
| जनसंख्या वृद्धिदर - | ०.५७ प्रतिशत | विदेशमा बस्ने | - ५८,५६१ |
| घरधुरी संख्या - | ६४,८२१ | अपाङ्गता | - ७,६७१ |
| जनघनत्व प्रति वर्ग कि.मि - | २४४ | | |

**जातजाती**

| | | |
|---|---|---|
| ब्राह्मण - ७९,८४६(२८.५) | क्षेत्री - ६४,७१७(२३.१) | मगर - ५५,७५२(१९.९) |
| कामी - २६,६१५(९.५) | सार्की - ९,५२५ (३.४) | दमाई - ८,९६५ (३.२) |
| कुमाल - ७,००४ (२.५) | नेवार - ५,०४३ (१.८) | सन्यासी - ४,४८३ (१.६) |
| ठकुरी - ३,३६२ (१.२) | अन्य - १४,८४८ (५.३) | |




## गुल्मी जिल्लाका स्थानीय तहहरु

गुल्मी जिल्लामा जम्मा १२ वटा स्थानीय तहहरु जुन निम्नानुसार रहेका छन् ।

१. रेसुङ्गा नगरपालिका

२. मुसिकोट नगरपालिका

३. मदाने गाउँपालिका

४. मालिका गाउँपालिका

५. इश्मा गाउँपालिका

६. धुर्कोट गाउँपालिका

७. गुल्मीदरवार गाउँपालिका

८. छत्रकोट गाउँपालिका

९. रुरुक्षेत्र गाउँपालिका

१०. सत्यवती गाउँपालिका

११. कालिगण्डकी गाउँपालिका

१२. चन्द्रकोट गाउँपालिका

## गुल्मी जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

| सिन. | प्रतिष्ठानको नाम | जिल्ला | ठेगाना | नजिकको प्रहरी ईकाई | कै |
|---|---|---|---|---|---|
| १ | रेसुङ्गा क्षेत्र | गुल्मी | तम्घास ५ | जिका गुल्मी.प्र. | |
| २ | राम जानकी मन्दिर | गुल्मी | तम्घास १ | जिका गुल्मी.प्र. | |
| ३ | धागिथुम भगवती मन्दिर | गुल्मी | तम्घास २ | जि का.प्र.गुल्मी | |
| ४ | विष्णु पादुका | गुल्मी | तम्घास ५ | जिका गुल्मी.प्र. | |
| ५ | शिवालय मन्दिर | गुल्मी | तम्घास ७ | जिका गुल्मी.प्र. | |
| ६ | अर्जुनकी देवी | गुल्मी | सिमिचौर | जिका गुल्मी.प्र. | |
| ७ | बिचित्र गुफा | गुल्मी | धुर्कोटवस्तु गुल्मी | प्रचौ धुर्कोटवस्तु गुल्मी. | |
| ८ | गुप्तेश्वर गुफा | गुल्मी | पुर्तिघाट २ गुल्मी | प्रगुल्मी चौ पुर्तिघाट. | |
| ९ | रिडि रुरु क्षेत्र | गुल्मी | रिडी गुल्मी | ईका रिडी गुल्मी.प्र. | |

## जिल्ला प्रशासन कार्यालय गुल्मीको पृष्ठभूमी

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भए अनुरुप प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ । नेपाल सरकार गृह मन्त्रालयले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गर्ने गर्दछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन तथा गृह मन्त्रालयको रेखदेखमा रही नेपाल सरकारको प्रतिनीधिको रुपमा जिल्लामा काम गर्दछ ।

गुल्मी जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरु रहेका छन् भने यस अन्तर्गत ९३ वटा वडा कार्यालयहरु रहेका छन् । नेपाल सरकार , गृह मन्त्रालय अन्तर्गत रहेको यस कार्यालयले मुलत : जिल्लामा शान्ति सुरक्षा , सुव्यवस्था, नागरिकता र राहदानी वितरण , विपद् व्यवस्थापन लगायत जिल्लाका विभिन्न कार्यालयहरुबीच संस्थागत समन्वय गर्दै , विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्धाहरु कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै आइरहेको छ । यस जिल्लाका करिब ३ लाख जनतामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी वनाई सुशासनको प्रत्याभूतिगर्ने समेतका कार्यहरु गर्दछ ।

## हालसम्मका प्रमुख जिल्ला अधिकारी

| सि.नं. | नाम | देखि | सम्म |
|---|---|---|---|
| १ | श्री रुप बहादुर स्वांर | २०२७ साल | २०२८।३।२ |
| २ | श्री रामजी प्रसाद गुप्ता | २०२८।३।२७ | २०२९।६।३० |
| ३ | श्री चक्रबन्धु अर्याल | २०२९।७।७ | २०३३।७।३ |
| ४ | श्री दामोदर रेग्मी | २०३३।७।१९ | २०३६।६।३१ |
| ५ | श्री लोकेन्द्रराज शर्मा | २०३६।७।३० | २०३७।३।६ |
| ६ | श्री रामचन्द्र उपाध्याय | २०३७।८।२९ | २०३९।६।२४ |
| ७ | श्री बलराम कापर | २०३९।७।१९ | २०४०।११।३ |
| ८ | श्री बद्रिनाथ शर्मा | २०४०।१२।५ | २०४२।११।१० |
| ९ | श्री केशवराज पौडेल | २०४२।१२।३ | २०४६।३।६ |
| १० | श्री रामकृष्ण पन्त | २०४६।३।२५ | २०४६।१२।२२ |
| ११ | श्री गणेश प्रसाद भट्टराई | २०४७।१।२७ | २०४७।५।७ |
| १२ | श्री विजयराज भट्टराई | २०४७।५।२१ | २०४८।७।२५ |
| १३ | श्री पद्मराज रेग्मी | २०४८।८।९ | २०४९।९।३ |
| १४ | श्री कमल प्रसाद लालकर्ण | २०४९।९।२७ | २०४९।१२।२४ |
| १५ | श्री बद्री बहादुर कार्की | २०५०।३।२७ | २०५२।६।१२ |
| १६ | श्री गंगा बहादुर के.सी. | २०५२।६।२२ | २०५३।१२।२४ |
| १७ | श्री विष्णुनाथ शर्मा | २०५४।०१।०८ | २०५४।०९।१४ |
| १८ | श्री मोहनसिंह खत्री | २०५४।९।२४ | २०५५।३।३२ |
| १९ | श्री प्रेमनारायण शर्मा | २०५५।४।६ | २०५६।८।२२ |
| २० | श्री शिव प्रसाद नेपाल | २०५६।९।४ | २०५८।३।३१ |
| २१ | श्री गीता प्रसाद खनाल | २०५८।४।१८ | २०५८।९।२९ |
| २२ | श्री नेत्र प्रसाद शर्मा | २०५९।१।२९ | २०६२।१।२६ |
| २३ | श्री दुर्गा प्रसाद पोखरेल | २०६२।२।३० | २०६३।३।१५ |
| २४ | श्री शंकर अर्याल | २०६३।३।२५ | २०६४।२।२३ |
| २५ | श्री अब्दुल कलाम खाँ | २०६४।३।१० | २०६५।६।२५ |
| २६ | श्री टेकवीर जंग रायमाझी | २०६५।७।१८ | २०६६।३।१९ |
| २७ | श्री परशुराम अर्याल | २०६६।४।२३ | २०६८।३।१० |
| २८ | श्री कवीन्द्र नेपाल | २०६८।३।३१ | २०७०।३।७ |
| २९ | श्री कमलराज ढकाल | २०७०।३।२१ | २०७१।८।१० |
| ३० | श्री चन्द्र प्रसाद गैरे | २०७१।८।११ | २०७२।७।९ |
| ३१ | श्री प्रदीपराज कणेल | २०७२।७।१० | २०७३।३।१७ |

| सि.नं. | नाम | देखि | सम्म |
|---|---|---|---|
| ३२ | श्री उदय बहादुर राना मगर | २०७३।३।२० | २०७३।८।१ |
| ३३ | श्री कृष्ण प्रसाद ढुङ्गाना | २०७३।८।१३ | २०७४।०६।११ |
| ३४ | श्री गोपालप्रसाद अर्याल | २०७४।०६।१२ | २०७५।०१।१९ |
| ३५ | श्री कोशलराज शर्मा | २०७५।०१।२० | २०७५।०३।१४ |
| ३६ | श्री यदुनाथ पौडेल | २०७५।०३।१८ | २०७६।०७।०८ |
| ३७ | श्री कोशहरि निरौला | २०७६।०७।१५ | २०७६।११।१२ |
| ३८ | श्री भरत कुमार शर्मा | २०७६।१२।०५ | २०७७।०९।०७ |
| ३९ | श्री रुद्रादेवी शर्मा | २०७७।०९।०८ | २०७८/०६/०२ |
| ४० | श्री पुण्यविक्रम पौडेल | २०७८/०६/०७ | हालसम्म |

## स्वीकृत कर्मचारी दरबन्दी विवरण

| सि.नं | दर्जा | श्रेणी | संख्या | पुर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | १ | - |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय | २ | २ | - |
| ४ | नायव सुब्बा | रा.प.अनं.प्रथम | ७ | ४ स्थायी<br>१ अस्थायी | २ |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | १ | १ | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | २ | १ स्थायी १ करार | |
| ७ | खरिदार | रा.प.अनं.द्धितीय | ४ | १ स्थायी २ काज | ३ |
| ८ | ह.स.चा. | श्रेणी विहिन | २ | २ करारमा | - |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ३ स्थायी<br>१अस्थायी<br>३ करार | |
| | जम्मा | | २७ | | ५ |

## हाल कार्यरत कर्मचारीहरुको विवरण

| क.सं | कर्मचारीको नाम थर | पद | श्रेणी | सेवा |
|---|---|---|---|---|
| १ | श्री पुण्यविक्रम पौडेल | प्र.जि.अ | रा.प. प्रथम | स्थायी |
| २ | श्री हरि प्रसाद गैरे | स.प्र.जि.अ | रा.प.द्वितिय | स्थायी |
| ३ | श्री ज्ञान कुमारी भुसाल | प्र.अ. | रा.प.तृतीय | स्थायी |
| ४ | श्री नरेश गिरी | प्र.अ. | रा.प.तृतीय | स्थायी |
| ५ | श्री यमकला पाण्डे | ना.सु. | रा.प.अनं. प्रथम | स्थायी |
| ६ | श्री नेत्र प्रसाद पन्थी | ना.सु. | रा.प.अनं. प्रथम | स्थायी |
| ७ | श्री मेघ प्रसाद पोखेल | ना.सु. | रा.प.अनं. प्रथम | स्थायी |
| ८ | श्री प्रेमराज खनाल | ना.सु. | रा.प.अनं. प्रथम | स्थायी |
| ९ | श्री डिल बहादुर थापा | खरिदार | रा.प.अनं. द्वितीय | स्थायी |
| १० | श्री ढालेन्द्र पुन | खरिदार | रा.प.अनं. द्वितीय | स्थायी |
| ११ | श्री कमला पन्थी | खरिदार | रा.प.अनं. द्वितीय | स्थायी |
| १२ | श्री चेतनारायण खनाल | खरिदार | रा.प.अनं. द्वितीय | स्थायी |
| १३ | श्री सुनिता कँडेल | क.अ. (परिचयपत्र) | | करार |
| १४ | श्री तारा भण्डारी | क.अ. (परिचयपत्र | | करार |
| १५ | श्री सन्देश अधिकारी | क.अ. | | करार |
| १६ | श्री बावुराम मरासीनी | ह.स.चा. | | करार |
| १७ | श्री वालकृष्ण मरासीनी | ह.स.चा. | | करार |
| १८ | श्री ठाकुर प्रसाद ज्ञवाली | का.स. श्रेणी विहिन | | करार |
| १९ | श्री पुण्य प्रसाद पन्थी | का.स. श्रेणी विहिन | | स्थायी |
| २० | श्री तुल्से जोगी | का.स. श्रेणी विहिन | | स्थायी |
| २१ | श्री अमृत पाण्डे | का.स. | | करार |
| २२ | श्री रोमनाथ भट्टराइ | का.स. | | करार |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री दुर्गा पाण्डे | का.स. | | करार |
| २४ | श्री गीता मुखिया | का.स. | | करार |
| २५ | श्री राम कुमारी घर्ती | का.स. | | करार |
| २६ | श्री माधव ज्ञवाली | - | | करार |

## जिल्ला प्रशासन कार्यालय गुल्मीले गर्ने मुख्य मुख्य कार्यहरु

### शान्ति सुरक्षाको व्यवस्थापन सम्बन्धी कार्य

- केन्द्रीय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
- जिल्ला सुरक्षा योजना तर्जुमा गर्ने ।
- अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने ।
- दण्डहिनताको अन्त्य गर्ने ।
- सार्वजनिक यातायातमा अवरोध हुन नदिने ।
- सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
- सबै सुरक्षा निकाय बीच प्रभावकारी समन्वय गर्ने ।
- कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने

### स्थानीय प्रशासन सम्बन्धी कार्य

- कर्मचारीको अभिलेखन व्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- संघ-संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने ।
- हातहतियार ईजाजत, नवीकरण, स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ प्रयोगको ईजाजत, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने ।
- सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थापन तथा संरक्षण गर्ने ।
- नाम, थर उमेर आदी प्रमाणित गर्ने ।
- नावालकको उमेर प्रमाणित गर्ने।
- पारिवारिक पेन्सन पत्र तथा रहलपहल सम्बन्धी काम गर्ने ।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- विविध कार्य गर्ने।

## नागरिकता सम्बन्धी सेवा

- वंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण ।
- थर, जन्ममिति संशोधन ।

## राहदानी सम्बन्धी सेवा

- विद्युतीय राहदानीको लागि विवरण संकलन गरी राहदानी विभागमा पठाउने ।
- राहदानी वितरण गर्ने।

## विपद् व्यवस्थापन सम्बन्धीसेवा

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन गर्ने।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण तथा लागु गर्ने।
- विपद् न्यूनीकरणका लागि तयारी गर्ने।
- विपद् भएको क्षति विवरण संकलन गर्ने ।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्थापना गर्ने ।

## अर्धन्यायिक कार्य

- प्रचलित कानुन बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने ।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी बाट तोकिएका कसुरहरुमा सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- सार्वजनिक शान्ति विरुद्धको कसुरहरुको सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- जिल्लाका विकास सम्बन्धी गतिविधीहरुको अनुगमन , अवलोकन, निरीक्षण तथा आएका समस्याहरुको समधान गर्ने ।

## बजार अनुगमन तथा उपभोक्ता हित सम्बन्धी कार्य

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति,पहुँच र गुणस्तर सुनिश्चित गर्नका लागी बजार अनुमगन तथा निरीक्षण गर्ने ।
- उपभोक्ता हित संरक्षणको लागि सचेतीकरण गर्ने ।
- उपभोक्ता हित सम्बन्धी कार्य गर्ने ।

**लागु औषध नियन्त्रण सम्बन्धी कार्य**

- लागु औषध तथा मदिराको पूर्ण रुपमा निरुत्साहित गरी समाजला ई स्वच्छ , स्वस्थ, सदाचारी र नैतिकवान बनाउने अभियानको रुपमा लागुऔषध विरुद्ध सचेतना अभियान सचेतना सञ्चालन गर्ने गराउने ।

लागु औषध सम्बन्धमा लागु भएका ऐन, कानून तथा कार्यविधीको पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने ।

**अन्य कार्यहरु**

- संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरुवीच समन्वय गर्ने ।
- प्रत्येक आर्थिक वर्षका निमित्त कानुन बमोजिम जिल्ला दररेट निर्धारण सम्बन्धी कार्य गर्ने
- जिल्ला स्तरीय कार्यालयहरुको अनुगमन तथा निरीक्षण गर्ने ।
- विकास निर्माणका कार्यहरुमा सहयोग र सहजीकरण गर्ने ।
- सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा सुशासन कायम गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा सहयोग समन्वय र अनुगमन गर्ने ।
- नेपाल सरकार , गृह मन्त्रालय , आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायत सम्बन्धीत निकायबाट हुने निर्णय एंव निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

## आ.व. २०७८/७९ मा सम्पादित मुख्य मुख्य कार्यहरु

आर्थिक वर्ष २०७८/७९ यस कार्यालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | यो महिनाको उपलब्धि | चालु आ.व.को यो महिना सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १. | नागरिकता विवरण | | | |
| | क. वशंज | १४८६ | १३५९५ | |
| | ख. वैवाहिक अंगिकृत | १ | २२ | |
| | ग अंगिकृत . | - | - | |
| | घ प्रतिलिपि नागरिकता .वितरण | ६४७ | ६३३८ | |
| | ङ नागरिकता परित्याग | - | १ | |
| | च नागरिकता रद्द | - | - | |
| | छ नावालक परिचय पत्र | ४२ | ४८७ | |
| २. | राष्ट्रिय परिचय पत्र | | | |
| | क विवरण दर्ता | २२६८ | १७७३८ | |
| | ख परिचय पत्र वितरण | ४ | ६८ | |
| ३ | राहदानी (सिफारिस र वितरण) | | | |
| | क सामान्य सिफारिस संख्या . | १५६७ | ७४०९ | |
| | ख दुर्त सेवा सिफारिस संख्या | - | १०२६ | |
| | जम्मा सिफारिस संख्या : | | | |
| | जम्मा राहदानी वितरण संख्या : | १०४२ | ६२८७ | |
| ४. | **विपद् व्यवस्थापन सम्बन्धी** | | | |
| | क राहत प्राप्त गर्ने संख्या | २ | ११७ | |
| | ख आर्थिक सहायता रकम | १५०००।- | ५,६५,०००।- | |
| | ग मृतक क्षतिपूर्ति रकम | २०००००।- | २,००,०००।- | |
| ५ | **मुद्दा सम्बन्धी विवरण** | | | |
| | क अभद्र व्यवहार दर्ता | ३ | १२ | |
| | फछ्र्यौट | १ | ९ | |
| | ख भष्ट्राचार जन्य | - | - | |
| | ग क्षतिपुर्ती सवारी ज्यान | - | ३ | |
| | घ सार्वजनिक उपद्रयाई | - | ३ | |
| | ङ जुवा मुद्दा | - | १ | |

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | यो महिनाको उपलब्धि | चालु आ.व.को यो महिना सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | च मादक पदार्थ सेवन | - | १७ | |
| | छ अन्य | ८ | ७१ | |
| | जम्मा मुद्दा दर्ता संख्या : | ११ | १०७ | |
| | जम्मा मुद्दा फर्छ्यौट संख्या | ९ | १०४ | |
| ६ | दलित प्रमाणित | २६ | ५६० | |
| ७ | जनजाती प्रमाणित | ५२ | ९२१ | |
| ८ | पेन्सन सम्बन्धी कागजात प्रमाणित | ९५ | ११५६ | |
| ९ | अन्य प्रमाणित | ३५ | ७२७ | |
| १० | पत्रपत्रिका दर्ता | - | - | |
| ११ | संघ संस्था दर्ता | ४ | ३३ | |
| १२ | संघ संस्था नवीकरण | १३ | १२८ | |
| १३ | हातहतियार नवीकरण | ५६ | ५६ | |
| १४ | हातहतियार नामसारी | - | - | |
| १५ | सहायता कक्षबाट सेवा लिने संख्या | ८८६ | ४७४२ | |
| १६ | सामाजिक संजाल अध्यावधिक पटक | २७ | ४४६ | |
| १७ | कार्यालयको वेवसाईट अध्यावधिक पटक | २३ | ३२९ | |
| १८ | अभिलेख प्रमाणित | २५७ | ३८४० | |
| १९ | CCTV जडान सम्बन्धी | - | - | |
| २० | ड्रोन उडान अनुमति दिएको | - | २ | |

**२विवरण मुख्य क्रियाकलापहरुको .**

| क्र.सं. | मुख्य क्रियाकलाप | यो महिनाको | यो आको हाल.व. सम्म | कैफियत |
|---|---|---|---|---|
| १ . | **द्वन्द्व प्रभावितका लागि राहत वितरण** | | | |
| | क राहत प्राप्त गर्ने संख्या | | | |
| | ख वितरित राहत रकम | | | |
| २ . | **लागु औषध सम्बन्धी कारवाही** | | | |
| | (क पक्राउ परेका व्यक्तिहरु ( | | | |
| | (ख पक्राउ परेको लागु औषध परिमाण ( | | | |
| | (ग मुद्दा चलाइएको संख्या ( | | | |
| ३ . | **शान्ति सुरक्षा** | | | |
| | क आपराधिक घटना | १८ | २२२ | |
| | ख अभियुक्त पक्राउ | ६ | ९५ | |
| | ग मुद्दा चलाईएको | ९६ | १०३ | |

| क्र.सं. | मुख्य क्रियाकलाप | यो महिनाको | यो आ को हाल.व. सम्म | कैफियत |
|---|---|---|---|---|
| | घ हत्याका घटना | | | |
| | ङ हातहतियार खरखजाना जफत | | | |
| | च विशिष्ट व्यक्तिको भ्रमण | | | |
| | ज ट्राफिक नियम उल्लघंन गर्ने उपर कारवाही | ९६४ जनाबाट राजश्व रु ५,७४,०००।- | ९६६४ जनाबाट राजस्व रु ५७,५७,५००।- | |
| | | | | |
| ४ | **कार्यालय अनुगमन** | १ पटक | ३ पटक | |
| ५ | **बजार नियमन** | | | |
| | क अनुगमन | १ पटक | ४ पटक | |
| | | | | |
| ६ | **तस्करी नियन्त्रण** | | | |
| | क परिचालित गस्ती | | | |
| | ख पक्राउ परेको सामान | | | |
| | | | | |
| ७ | **गुनासो र फछ्यौट** | | | |
| | क कार्यालयमा निवेदन मार्फत | | | |
| | ख हेल्लो सरकार मार्फत | | | |
| | ग सामाजिक सन्जाल मार्फत | | | |
| | **जम्मा** | | | |
| | प्र को.अ.जि.पहलमा समाधान भएका विवादहरु | ८ | ८० | |
| ८ | **बैठक** | | | |
| | क सर्वपक्षिय विपद | १ | ८ | |
| | ख कार्यालय प्रमुख | १ | १० | |
| | ग शान्ति सुरक्षा | ४ | ४१ | |
| | घ DCMC | - | ९ | |
| | ङ स्टाफ | १ | १२ | |
| | च अन्य | ७ | ४९ | |
| | **जम्मा** | १४ | १२९ | |

## ३ कैदी बन्दी सम्बन्धी विवरण

| क.स. | बिबरण | पुरुष | महिला | हालको आश्रीत संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अघिल्लो महिनाको संख्या | ६२ | ८ | - | ७० | |
| २ | यस महिनामा थपिएको सङ्ख्या | ४ | - | ४ | ४ | |
| ३ | यस महिनामा छुटेको संख्या | - | - | - | - | |
| ४ | यस महिनामा सरुवा भएको संख्या | - | - | - | - | |
| ५ | यस महिनामा कायम रहेको बन्दी संख्या | ६६ | ८ | ४ | ७४ | |

## ४ .जिल्लामा घटेका मुख्य घटनाहरुको विवरणः

| क्रसं. | घटनाको विवरण | यो महिनाको | यो आको हालसम्म.ब. |
|---|---|---|---|
| १ . | अपहरण | - | - |
| २ . | जवरजस्ती करणी | १ | १६ |
| ३ . | गुण्डागर्दी नियन्त्रण | - | - |
| ४ . | हात हतियार खरखजना | - | - |
| ५. | विष्फोटक पदार्थ | - | - |
| ६ . | चेलिबेटी वेचविखन | - | - |
| ७ . | अवैध मदिरा उत्पादन र बिक्रि | - | - |
| ८ . | जुवा,तास सम्बन्धी | - | १ |
| ९. | सडक दुर्घटना संख्या | १ | १५ |
| १० . | लुटपाट नियन्त्रण | - | - |

**५घटनाहरुबाट भएको मानवीय क्षतीको विवरणः जिल्लामा घटेका .**

| सि.नं. | घटना विवरण | यो महिनामा | यो आ.व.मा हाल सम्म | कैफियत |
|---|---|---|---|---|
| १ | सडक दुर्घटना | १ | १५ | |
| २ | भवितव्य ज्यान | ९ | ६१ | |
| ३ | झुण्डिइ आत्महत्या | २ | ६१ | |
| ४ | विष सेवन | - | ८ | |
| ५ | कर्तव्य ज्यान | - | ३ | |
| ६ | भिरबाट लडेको | - | - | |
| ७ | विपद्वालट | - | - | |
| ८ | हामफाली आत्महत्या | - | १ | |
| | **जम्मा** | **१२** | **१४९** | |

**थस कार्यालयको राजश्व सम्बन्धी विवरणः .**

| विवरण | यो महिनाको राजश्व रकम | यो आ मा.व. | कैफियत |
|---|---|---|---|
| राहदानी वापत | ७३,१२,५००।- | ३,७१,६७,५००।- | |
| संघ संस्था दर्ता वापत | ४०००।- | ३३०००।- | |
| संघ संस्था नवीकरण | ३६,७५०।- | १,८५,८००।- | |
| हातहतियार नवीकरण | १,५७,५००।- | १,५७,५००।- | |
| प्रशासनीक दण्ड जरिवाना | ५१०००।- | ६३०००।- | |
| न्यायिक दण्ड जरिवाना | - | - | |
| अन्य जरिवाना | - | - | |
| सरकारी सम्पतिको बिक्रिबाट | - | - | |
| पत्रपत्रिका दर्ता | - | - | |
| **जम्मा** | **७५,६१,७५०।-** | **३,७६,०६,८००।-** | |

## ६ धरौटी सम्बन्धी विवरण

**यो महिनाको धरौटी रकम रु १६,००० । - यो आ.व. मा हालसम्मको धरौटी रु ६,९२,५००।-**

**७ आर्थिक प्रशासन सम्बन्धी .**

**कपूँजीगत खर्च .**

| वार्षिक बजेट | यो महिनाको खर्च | यो आ.व. मा हालसम्मको खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|
| २,०८,९२,६००।- | - | १,८५,७१,२९६/५० | - | - |

**ख. चालु खर्च**

| वार्षिक बजेट | यो महिनाको खर्च | यो आ.व. मा हालसम्मको खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|
| ८,८०,०००।- | - | ८३३३४९।- | - | - |

## जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु

**<u>- जिल्ला सुरक्षा समितिको बैठक</u>**

जिल्लामा शान्ति सुरक्षा व्यवस्था कायम गर्न, आपराधिक गतिविधीहरु हुन नदिन, चाडपर्व विशेष सुरक्षा व्यवस्था कायम गर्न , निषेधित वस्तु, सेवा तथा क्रियाकलापलाई रोकथाम गर्न यस आ.व.मा जिल्ला सुरक्षा समितिका ३८ वटा वैठकहरु सम्पन्न भएका छन् ।

**-स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी कार्यक्रम**

समाजमा घट्न सक्ने विभिन्न अपराधिक गतिविधीहरु , लागुऔषधको अवैध ओसारपसार, शान्ति सुरक्षा भंग हुने हिंसात्मक गतिविधीहरु , समाजिक कुरिती, कु-प्रथा, बाल विवाह, बहु-विवाह, जातिय भेदभाव को रोकथाम, नियन्त्रण तथा विकासात्मक गतिविधी, विपद् व्यवस्थापन,योजनाको कार्यान्वयन सम्बन्धमा सरोकारवाला सँग छलफल तथा अन्तर्क्रिया गरिएको छ । यस क्रममा उल्लेखित विषयबस्तुहरुमा देखिएका समस्याहरुको सम्बन्धीत पक्ष सँ गको समन्वयमा समाधान गरिएको छ ।

**-सीमाक्षेत्रमा हुने अपराध नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम**

सीमाक्षेत्रमा हुन सक्ने सम्भावित अपराधको नियन्त्रणका लागि यस जिल्लाको पहलमा विभिन्न समयमा पाल्पा, स्याङ्गजा, पर्वत, बागलुङ, अर्घाखाँची र प्यूठान जिल्लाका जिल्ला सुरक्षा समिति तथा नागरिक समाज, स्थानीय जनप्रतिनिधी, सीमाक्षेत्रका नागरिकहरुको उपस्थिति समेत रहने गरी सुरक्षा समन्वय बैठक बसिएको ।

**-चाडपर्व लक्षित सुरक्षा योजना**

यस जिल्लामा मनाईने दशैं , तिहार, चैतेदशै, तिज, जनैपूर्णिमा, माघे संक्रान्ति,साउने एकादशी लगायतका चाडपर्वमा हुन सक्ने लुटपाट, हत्याहिंसा, चोरीडकैती, झै-झगडा लगायतका अपराधिक गतिविधीलाई नियन्त्रण गर्न जिल्ला सुरक्षा समितिबाट चाडपर्व लक्षित सुरक्षा योजना बनाई नियमित रुपमा गस्ती, सुचना प्रवाह, अनुगमन जस्ता सुरक्षा योजनाको कार्यान्वयन गरिएको छ ।

**-राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्नेसुरक्षा कारवाहीको कार्यविधी सम्बन्धी कार्ययोजना निर्माण**

राजमार्ग वा सडकमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहिको सम्बन्धमा बैठक बसी कार्यविधी सम्बन्धी कार्ययोजना , २०७८ जारी गरिएको छ । सो योजना अनुसार राजमार्ग अवरोधका सम्भावित क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा हुने सुरक्षा अवरोध हटाउन आवश्यक जनशक्ति खटाउने, सामग्रीहरुको उपलब्धता गराउने, लगायतका कार्यहरु गरिएको छ ।

**- सामुदायिक साझेदारी कार्यक्रम**

जिल्ला अन्तर्गत स्थानीयस्तरका समुदायहरु सँगको समन्वयमा शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणका लागि विद्यमान ऐन कानुन /संहिता/हरुको मुख्य मुख्य व्यवस्थाहरुको सचेतनाका लागि समुदाय प्रहरी साझेदारी मार्फत कार्यक्रम सम्पन्न गरिएको छ ।

## -अन्तर जिल्ला समन्वय वैठक

यस जिल्लासँग सीमाना जोडिएका ६ वटा जिल्लामध्ये पर्वत ,वाग्लुङ्ग,प्यूठान,अर्घाखाँची, स्याङ्गजा, पाल्पाका सबै सुरक्षा समितिका प्रमुखहरु सम्मिलित अन्तर जिल्ला सुरक्षा समन्वय वैठक सम्पन्न भएको छ ।शान्ति सुरक्षा तथा अपराध न्यूनीकरण , विपद् व्यवस्था पन, विकास व्यवस्था न, प्राकृतिक स्रोत साधनको संरक्षण कोभिड-१९ रोकथाम तथा नियन्त्रण र खोप लगायतका विषयमा असल अभ्यासहरुको आदान प्रदान तथा उल्लेखित विषयहरुमा सूचना आदान प्रदान गर्ने तथा समन्वयात्मक रुपमा समस्याको समाधान गरी अन्तर जिल्ला सुरक्षा व्यवस्थालाई सुदृढ तथा प्रभावकारी वनाउने विषयमा निर्णयहरु भएका छन।

अन्तरजिल्ला सुरक्षा बैठक गुल्मी र पर्वत




*अन्तर जिल्ला सुरक्षा बैठक गुल्मी अर्घाखाँची र प्युठान*




*अन्तर जिल्ला सुरक्षा बैठक गुल्मी र पाल्पा*



**-उजुरी तथा गुनासो सम्बोधन**

कार्यालयमा परेका ठाडो तथा मौखिक उजुरी तथा गुनासो फर्छ्यौट गरिएको छ । पर्न आएका उजुरी तथा गुनासो सम्बन्धमा सम्बन्धीत निकायलाई लेखी पठाउने , सम्बन्धीत व्यक्तिलाई झिकाई मेलमिलाप गराउने, फर्छ्यौट गर्न लगाउने, क्षतिपुर्ति गराउने कार्य गरिएको छ ।

## सुशासन प्रर्वद्धनका लागि गरिएका कार्यहरु

## १. कार्यालयको आन्तरिक व्यवस्थापन

### क. कार्यालयको सरसफाई तथा सजावट

जिल्ला स्थित सम्पुर्ण कार्यालयहरुलाई आफ्नो कार्यालय परिसर सफा, स्वच्छ तथा वातावरणमैत्री राख्न निर्देशन गरिएको छ ।यस जिल्ला प्रशासन कार्यालय गुल्मीको परिसरमा बाह्रै महिना फुलहरु फुल्ने गरी विभिन्न प्रजातिका फुलका विरुवाहरु रोपिएको छ भने नियमित रुपमा कार्यालयको परिसर, कार्यालयको सरसफाई गर्ने गरिएको छ । सेवाग्राहीको दैनिक भिडभाड हुने कार्यालका प्रत्येक कार्यकक्ष, प्रत्येक फ्ल्याट तथा परिसरमा डस्टविनको व्यवस्था गरिएको छ







**ख. नागरिक वडापत्रको व्यवस्था**

कार्यालयबाट प्रवाह हुने सेवा, लाग्ने समय, जिम्मेवार कर्मचारी, सम्बन्धित फाँट तथा गुनासो एंव उजुरी सुन्ने अधिकारीको व्यवस्था समेत उल्लेख भएको नागरिक वडापत्रको व्यवस्था गरिएको छ साथै डिजिटल माध्यमबाट पनि दैनिक सेवा प्रवाह सम्बन्धको जानकारी गराउने व्यवस्था गरिएको छ । सबै सरकारी कार्यालयहरुलाई अनिवार्य रुपमा नागरिक वडापत्र राख्न निर्देशन दिइ सबै सरकारी कार्यालयहरुले नागरिक वडापत्र राख्ने कार्य भएको छ ।

**ग. स्तनपान कक्ष**

जिल्ला प्रशासन कार्यालयमा आउने महिला सेवा ग्राहीहरुलाई मध्यनजर राख्दै स्तनपान गराउनु पर्ने आफ्नो वच्चाहरुलाई स्तनपान गराउनको निम्ति स्तनपान कक्ष निर्माण गरिएको छ । लैङ्गिकमैत्री सेवा प्रवाहको कार्यमा स्तनपान कक्षले सेवाप्रवाहको अवस्थालाई थप प्रभावकारी सावित गरेको छ ।

**घ. सहायता कक्षको व्यवस्था**

कार्यालयमा आउने सेवाग्रा हीलाई सेवा प्राप्त गर्न समस्या नहोस भन्ने हेतुले सहायता कक्षको व्यवस्था गरिएको छ । यस कक्षबाट सेवाग्राहीहरुलाई निशुल्क निवेदन उपलब्ध गराउने, सेवा प्राप्त गर्ने सम्बन्धीत फाँट तथा जिम्मेवार अधिकारीको वारेमा जानकारी गराउने, कागजात रुजु गरिदिने जस्ता कार्यहरु गरिएको छ । यस आर्थिक बर्षमा यस कक्षबाट ४७४२ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन् ।




**<u>ङ. ज्येष्ठ नागरिक एंव अपाङ्गमैत्री सेवा प्रवाह</u>**

कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक तथा विभिन्न किसिमका अपाङ्गता भएका सेवाग्राहीहरुलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने गरिएको छ । अपांगताको कारणले सेवा लिन गाह्रो भएमा गेट सम्म पु गी फाराम भरी सेवा दिने गरिएको र अपांगता वा अन्य समस्याले कुनै पनि व्यक्ति नागरिकता प्राप्त गर्नको ला गि जिल्ला प्रशासन कार्यालयसम्मको पहुँच नपुगेको सूचना पाएमा त्यस्ता व्यक्तिलाई घरमै गएर नागरिकता प्रदान गर्ने गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै पुगेर नागरिकता प्रदान गरिएका तस्वीरहरु।






**<u>च. सूचना प्रविधिको प्रयोग</u>**

डिजिटलाईजेसनको अवधारणा अनुरुप कार्यालयबाट सम्पादन हुने अधिकांस क्रियाकलापहरु सुचना-प्रविधिमैत्री हुने गरी गरिएको छ । कार्यालयको वेवसाईटको अध्यावधिक, ईमेल, फेसबुक पेजमा सूचनामूलक विषयहरु राख्ने गरिएको ,सुरक्षा समिति , कार्यालय प्रमुख , स्थानीय तहका

पदाधिकारी तथा प्रमुख प्रशासकीय अधिकृतहरुको समूह वनाइ SMS मार्फत सुचना वैठकको जानकारी गराउने गरिएको ।कोभिड १९ को महामारीमा अधिकांश वैठकहरु ZOOM को माध्यामवाट गर्ने गरिएको । कार्यालयवाट जारी गरिने सबै नागरिकताका अनूसूचि स्क्यान गरिएको ।

**छ. निशुल्क वाइफाई तथा टेलिफोनको व्यवस्था**

कार्यालयमा आउने सेवाग्राहीहरुको सहजताका ला गि निशुल्क वाईफाई तथा टेलिफोनका साथै मोबाइल चार्ज गर्ने व्यवस्था गरिएको छ ।

**ज. लैङ्गिकमैत्री शौचालय स्वच्छ खानेपानी र प्रतिक्षालयको व्यवस्था**

कार्यालयमा आउने महिला र पुरुष सेवाग्राहीहरुको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ । कार्यालयका विभिन्न स्थानहरुमा सफा पिउनेपानीको उपलब्धता गराईएको छ भने कार्यालय परिसरमा पर्याप्त वेन्चको व्यवस्था तथा प्रतिक्षालयको रुपमा गोलघरको निर्माण गरिएको छ ।

**झ. सिसिटिभीको प्रयोग**

कार्यालयबाट प्रवाह हुने सेवाको अनुगमन तथा निरीक्षण गर्न तथा सुरक्षा संवेदनशिलतालाई मध्यनजर गर्दै सिसिटिभी क्यामेरा जडान गरिएको छ । कार्यालय परिसरमा सेवा ग्राहीको लागि टेलिभिजनको व्यवस्था गरिएको छ ।

ञ. **बिचौलियाहरुलाई कार्यालय प्रवेश निषेध**

विभिन्न किसिमका विचौलिया मार्फत सेवाग्राहीहरु मर्कामा परेको कारण कार्यालय परिसरमा त्यस्ता विचौलियाहरुलाई प्रवेश निषेध गरी सेवाग्राहीहरुलाई आफ्नो काम आफै गराउन आउन प्रेरित गरी सहायता कक्षको व्यवस्था गरिदै आएको छ । फाराम भर्न नसक्ने सेवा ग्राहीको लागि निवेदन लेख्ने तथा फारामहरु भर्ने व्यवस्था गरिएको छ ।

## २. कार्यालय प्रमुखहरुको बैठक

जिल्ला स्थित सरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवा लाई छिटो,छरितो, सेवाग्राहीमैत्री, उत्तरदायी, पारदर्शी, भ्रष्टाचारमुक्त, नियमित, मितव्ययी रुपमा प्रवाह गर्न , सेवाग्राहीहरुको गुनासो आउन नदिने गरी सेवा दिन, अभिलेखको सही व्यवस्थापन गर्न , आर्थिक तथा वित्तिय उत्तरदायित्वको सही तरिकाले वहन गर्न, बेरुजु फर्छयौट, सरकारी साधनको दुरुपयोग रोक्न, विकासको गतिविधीहरुलाई समयमै सकिने गरी संचालन गर्न, सु-शासनको अवधारणाको पालना गर्न गराउन प्रमुखहरुको बैठक बसी निर्णय कार्यान्वयन गरिएको छ ।

## ३ सुचना अधिकारीहरुको बैठक

सुचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली २०६५ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ नियमावली २०६५ बमोजिम सुचनाको हकको प्रभाव कारी कार्यान्वयन गरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरुबाट सुशासन प्रवद्धन गर्न सबै सूचना अधिकारीहरुको बैठक बसी नियमित रुपमा कार्यालयका सूचनाहरु आदान प्रदान गर्ने गरिएको छ । यस आर्थिक बर्षमा सूचना को व्यवस्था , वेवसाईट अद्यावधिक, सूचनाको प्रवाह सम्बन्धमा निगरानी बढाईएको छ ।

सूचना अधिकारी नतोकिएको सबै कार्यालयलाई सूचना अधिकारी तोक्न लगाई सबै सूचना अधिकारीको सम्पर्क नं जिल्ला प्रशासन कार्यालयमा सबै सेवाग्राहीले देख्ने गरी राखिएको ।

## ४ जिल्ला स्थित सरकारी कार्यालयहरुको अनुगमन

यस जिल्लाका सेवा प्रदायक सरकारी तथा अन्य कार्यालयहरुको छड्के अनुगमन तथा निरीक्षण गरी कार्यालयवाट प्रवाह हुने सेवा प्रवाह विचौलियालाई कार्यालय परिसरमा निशेध, कार्यालयको शौचालयको सरसफाई, सूचना अधिकारी तोक्ने, सहायता कक्षवाट सेवाग्राहीलाई सहजीकरण गर्ने विषयमा प्रमुख जिल्ला अधिकारीवाट निर्देशन दिइ सुधार गरिएको । कार्यालयमा अनुपस्थित रहने, विदा/काज/स्वीकृत नगराउने, तोकिएको पोशाक र परिचय पत्र नलगाउने , तथा सेवाग्राहीबाट गुनासो आएका कर्मचारीहरूलाई नियमितता, समय पालना, अनिबार्य पोशाक लगाउनु पर्ने , परिचय पत्र लगाउनु पर्ने , विदा तथा काज खटिनुपर्दा पूर्वस्वीकृति लिनु पर्ने जस्ता विषयमा सचेत गराईएको छ । साथै अनियमितताको सम्बन्धमा गुनासो प्राप्त कर्मचारीलाई पत्राचार गरी सो सम्बन्धमा सोधपुछ गरी सचेत तथा आवश्यक कारवाही समेत गरिएको छ ।

## ५ स्थानीय तहका प्रमुख एंव प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक

स्थानीय प्रशासन र स्थानीय तहहरु बिच एक आपसमा समन्वय , सह-अस्तित्व, सहकार्यको सहयोगी भई शान्ति सुरक्षा, विकास निर्माण लगाय त सुशासन कायम गर्नका लागि स्थानीय तहका प्रमुख एंव प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक बस्ने गरिएको छ । जिल्ला भित्र विकास निर्माण लगायत विकाससँग सम्बन्धीत कार्यहरु निर्धारित समयमानै सम्पन्न गर्न गराउन, प्रचलित कानून अनूरुप लेखा राख्न, विपद् व्यवस्थापनमा स्थानीय तहले वनाउनु पर्ने कानून नीति मापदण्ड तयार गर्न स्थानीय तहवाट प्रवाह हुने सेवालाई प्रभावकारी वनाई नागरिकले सुशासनको प्रत्यक्ष अनुभूति प्राप्त गर्न , जनचासोसँग सम्बन्धीत विषयहरुको सम्बोधन गर्ने सम्बन्धका विषयहरु बैठकमा छलफल गर्ने गरिएको छ ।

## ६ कर्मचारीको नियमित बैठक

यस कार्यालयका कर्मचारीहरुको मासिक रुपमा बैठक बसी प्रत्येक शाखाको कार्य विवरणमा तोकिएका जिम्मेवारीहरु त्रुटिरहित रुपमा पुरा गर्ने , सेवा प्रवाहलाई गुनासो रहित , चुस्तदुरुस्त, शीघ्र, प्रभावकारी, नियमित, मितव्ययी, अनुशासनको पालना, कार्यालयको सरसफाई लगायतका विषयहरुमा निर्णय गरी पुर्ण कार्यान्वयमा ल्याईएको छ । प्रत्येक महिनामा उत्कृष्ट कार्य गर्ने कर्मचारी छनौट गरी पुरस्कृत गरिएको छ ।

## .७ राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य

नेपाली नागरिकका वैयक्तिक तथा जैविक पहिचान सहितको विवरण समावेश गरी राष्ट्रिय परिचय पत्र दर्ता कार्य सुरुवातको अन्तिम चरणमा पुगी मिति २०७७ सालबाट शुभारम्भ भएको छ ।

## ८. अन्य कार्यहरु

- संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी विकास आ योजना सञ्चालनमा सहजीकरण गरिएको।
- विकास निर्माण लगायत अन्य आयोजनाहरुको स्थलगत अनुगमन सम्पन्न गरी आवश्यकता अनुसार निर्देशन दिईएको ।
- विद्युतीय राहदानीको लागि भर्नुपर्ने प्रि- इनरोलमेन्ट फाराम निःशुल्क भरिदिने व्यवस्था गरेको ।
- कोभिड-१९ को समयमा जिल्ला प्रशासनको परिसरमा स्वास्थ्य सहायता कक्षको स्थापना गरी सञ्चालन गरिएको ।

# विपद व्यवस्थापन

- विपद व्यवस्थापनको लागि २४ घण्टा भित्र उद्धार र ७२ घण्टाभित्र राहत दिने निति अनुरुप कार्य गरिएको । जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) सुदृढीकरण गरिएको ।
- २५ जना सुरक्षाकर्मीलाई विपदको समयमा तत्काल परिचालित गर्ने गरी तयारी अवस्थामा राखिएको ।
- सुरक्षा निकायको समन्वयमा विपद सम्बन्धी कृत्रिम घटनाको अभ्यास सञ्चालन गरिएको
- पूर्व सूचना प्रणालीद्धारा सम्भावित बाढी पहिरो मौसम सम्बन्धी सूचना जारी गरिएको ।
- विपद बाट मृत्यु भएकालाई यथासम्भव सम्म घरमै गई राहत दिने गरिएको ।
- विपद् बाट पिडितलाई राहत उपलब्ध गराउन प्रदेश आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमा सिफारिस गरिएको ।

- सबै स्थानीय तहहरुलाई स्रोत साधन र उपकरणहरु तयारी अवस्थामा राख्न निर्देशन दिइएको
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ र २०७९ तयार गरी विपद्को समयमा हुने खोज उद्धार लगायतका कार्यको लागि सम्बन्धित पक्षको जिम्मेवारी स्पष्ट पारिएको।
- DEOC लाई सबलीकरण गरिएको ।
- संघ र प्रदेश सरकारबाट उपलब्ध गराउने राहतमा दोहोरो नपर्ने गरी स्थानीय तहबाट तत्काल राहत उपलब्ध गराउन विपद् व्यवस्थापन समितिबाट निर्णय गरी स्थानीय तहसँग समन्वय र सहजीकरण गरिएको ।
- गुल्मी जिल्लाको Geo-Hazard Maping यथासक्य छिटो गरिदिन लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयलाई अनुरोध गरीएको ।
- विगत देखी हालसम्मको प्रकोपीय इतिहासलाई नियाल्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढी प्रभावित भएको देखिन्छ ।पहिरो , बाढी,, आगलागी,, चटयाङ्ग भूकम्प, सडक,, दुर्घटना महामारी हावाहुरी, खडेरी जस्ता घटनाहरु हुने गरेका छन् ।

चिदिचौरमा भएको विपद् सम्बन्धी कृत्रिम घटना अभ्यास Simulation) तथा मनसुन प्रतिकार्य अभ्यासका झलकहरू।





स्वास्थ्य कार्यालय, गुल्मीको आयोजना र जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्लाका को सत्यवती गाउँपालिका वडा नम्बर १ स्थित श्रीराम मन्दिर तार्केश्वर परमानन्द सन्यास आश्रम रुद्रबेणीधाममा औषधि हस्तान्तरण, स्वास्थ्य परीक्षण र सचेतना कार्यक्रमसञ्चालन गरिएको

